# कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोष(स्थापना र सञ्चालन) नियमावली, २०७६

प्रस्तावना: कोरोना भाइरस संक्रमण (कोभिड-१९) को प्रकोप नियन्त्रणका लागि आवश्यक पूर्व तयारी, पहिचान तथा नियन्त्रण एवम् कोरोना भाइरस संक्रमण प्रभावितहरूको प्रभावकारी उपचार प्रबन्धको लागि आवश्यक पर्ने कार्यको शीघ्र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

प्रदेश प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा २ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. २ सरकारले यो नियमावली बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस नियमावलीको नाम "कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) "कोष" भन्नाले नियम ३ बमोजिमको कोष सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले नियम ६ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

३. कोषको स्थापना: (१) प्रदेश नं. २ मा कोरोना भाइरसको संक्रमण र त्यसको रोकथाम, नियन्त्रण तथा उपचार गर्नका लागि एक कोष स्थापना गरिनेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछ :-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ग) स्थानीय तहबाट कोषलाई प्राप्त रकम,

(घ) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर सरकारी संस्थाबाट कोषको नाममा प्राप्त भएको रकम,

(ङ) खण्ड (क) मा लेखिएदेखि बाहेक सम्पूर्ण सरकारी तथा गैर सरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत व्यक्तिहरू, राजनैतिक दल, ट्रेड युनियन, गैर सरकारी संस्था, नागरिक समाज वा सर्वसाधारणले प्रदान गरेको रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपनियम (१) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु पूर्व नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।



Scanned with CamScanner

गर, नेपालमा कार्यरत दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर-सरकारी संस्थाको स्वीकृत बजेट तथा कार्यक्रम मार्फत प्राप्त हुने रकमको सम्बन्धमा नेपाल सरकारको स्वीकृति आवश्यक पर्ने छैन।

४. कोषको प्रयोग: कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ:-

(क) कोरोना भाइरस संक्रमण (कोभिड-१९) को रोकथाम तथा उपचारका लागि आवश्यक क्वारेन्टाइन केन्द्र, आइसोलेशन तथा उपचारको लागि अस्पताल स्थापना र सञ्चालनमा लाग्ने खर्चहरूको व्यवस्थापन गर्न,

(ख) कोरोना भाइरस संक्रमण (कोभिड-१९) बाट हुने मानवीय क्षति नियन्त्रण गर्न र सोको कारणबाट प्रभावित व्यक्तिको सहज परीक्षण तथा उपचारको व्यवस्था गर्न,

(ग) कोरोना भाइरस संक्रमण (कोभिड-१९) को उपचारमा आवश्यक पर्ने मेडिकल सामग्री, औषधी, उपकरणका लागि लाग्ने खर्चहरूको प्रबन्ध गर्न,

(घ) कोरोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार बारे जनचेतनामूलक कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न ।

(ङ) कोरोना भाइरस संक्रमण नियन्त्रण, रोकथाम, उपचार तथा सो सम्बन्धी अन्य विषयमा समय समयमा प्रदेश सरकारबाट तोकिए बमोजिमका कार्य गर्न ।

(च) कोरोना भाइरस संक्रमण परीक्षणको लागि ल्याब परिचालनका लागि आवश्यक व्यवस्थापन तथा सञ्चालन गर्न ।

(छ) यस प्रदेशमा स्थानीय तहबाट स्थापना भएका आइसोलेशन तथा क्वारेन्टाइनलाई प्रदेश सरकारले आर्थिक सहयोग गर्न ।

५. कोषको रकम प्रयोग हुन नसक्ने: नियम ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन :-

(क) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान तथा आर्थिक सहायता प्रदान गर्न,

(घ) अन्य कुनै पनि प्रकारको प्रशासनिक कार्यमा खर्च गर्न ।

६. कोष सञ्चालक समिति: (१) कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछ :-

(क) सचिव, सामाजिक विकास मन्त्रालय -संयोजक

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा निजले तोकेको कम्तिमा नवौं तह वा रा.प. द्वितीय श्रेणीको कर्मचारी -सदस्य



Scanned with CamScanner

Scanned with CamScanner

Scanned with CamScanner

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय वा निजले तोकेको कम्तिमा नवौं तह वा रा.प. द्वितीय श्रेणीको कर्मचारी -सदस्य

(घ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय वा निजले तोकेको कम्तिमा नवौं तह वा रा.प. द्वितीय श्रेणीको कर्मचारी -सदस्य

(ङ) उपसचिव वा अधिकृत नवौं तह, सामाजिक विकास मन्त्रालय -सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(४) समितिले आवश्यकता अनुसार अन्य कर्मचारी वा विशेषज्ञ वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) उपनियम (१) बमोजिमको समितिले कोषमा रकम जम्मा गर्न आह्वान गर्न सक्नेछ ।

७. कोषको व्यवस्थापन तथा सञ्चालन: (१) कोषमा प्राप्त हुने रकम राष्ट्रिय वाणिज्य बैंकमा विविध समूहको एक खाता खोली सो खातामा जम्मा गरिनेछ।

(२) उपनियम (१) बमोजिमको खाता समितिको सदस्य-सचिव वा निजले तोकेको अधिकृत र सामाजिक विकास मन्त्रालयको लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(३) नियम ६ बमोजिमको समितिको निर्णय बमोजिम मात्र कोषको रकम खर्च गर्नु पर्नेछ।

८. लेखा तथा लेखापरीक्षण: (१) कोषको आम्दानी खर्चको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

९. कोषको रकम खर्च गर्ने कार्यविधि: (१) नियम ४ बमोजिमको प्रयोजनका लागि आइसोलेशन अस्पतालले सम्पूर्ण विवरण सहित समिति समक्ष रकम माग गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम रकम माग भएमा कोरोना भाइरस संक्रमण (कोभिड-१९) को रोकथाम तथा उपचारको लागि लाग्ने खर्चको आवश्यकता, कोषमा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले उचित ठहराए बमोजिम रकम उपलब्ध गराउने गरी निर्णय गर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुने रकम र खर्चको लेखा अभिलेख सम्बन्धित आइसोलेशन अस्पतालले छुट्टै राख्नु पर्नेछ ।



Scanned with CamScanner

Scanned with CamScanner

Scanned with CamScanner

(४) उपनियम (३) बमोजिम खर्च भएको लेखा परीक्षण प्रचलित कानून बमोजिम आइसोलेशन अस्पताल सञ्चालन गर्ने अस्पतालले गराउनु पर्नेछ।

१०. <u>सचिवालय सम्बन्धी व्यवस्था</u>: (१) समितिको सचिवालय सामाजिक विकास मन्त्रालयमा रहनेछ।

(२) समितिको निर्णय तथा कोषको खर्चको अभिलेख उपनियम (१) बमोजिमको सचिवालयमा गर्नु पर्नेछ।

११. <u>कोष सञ्चालनको प्रशासनिक खर्च</u>: कोष सञ्चालन गर्दा आवश्यक पर्ने प्रशासनिक खर्च मन्त्रालयको नियमित बजेटबाट गर्नु पर्नेछ। कोषको रकमबाट बैठक भत्ता उपलब्ध गराउन सकिने छैन।

१२. <u>कोषको खारेजी</u>: (१) यस नियमावलीको उद्देश्य बमोजिम कार्य समाप्त भएमा वा छुट्टै कोष राख्नुपर्ने औचित्य नभएमा समितिले आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गराई कोषमा बचत भएको रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम रकम जम्मा गरिसकेपछि यस नियमावली बमोजिमको कोष स्वतः खारेज हुनेछ ।

(३) उपनियम (२) बमोजिम कोष खारेज भएपश्चात उक्त कोषको अन्तिम लेखापरीक्षण तथा बेरुजु फरफारक गर्ने गराउने जिम्मेवारी सामाजिक विकास मन्त्रालयको हुनेछ।

१३. <u>प्रदेश सरकारले निर्देशन दिन सक्ने</u>: प्रदेश सरकारले यस नियमावलीको कार्यान्वयनका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१४. <u>निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्ने</u>: प्रदेश सरकारले यस नियमावलीको अधिनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।



Scanned with CamScanner

Scanned with CamScanner

Scanned with CamScanner